जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# लालबन्दी नगरपालिका

# स्थानीय राजपत्र

**लालबन्दी नगरपालिकाद्वारा प्रकाशित**

**वर्ष २) लालबन्दी, असार ३० गते, २०७५ साल**

## भाग–१

राष्ट्रिय विकासका लागि लालबन्दी नगरपालिका अन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाका लागि उच्चगुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञानं दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को वुँदा नं. ८ तथा स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को परिच्छेद –५ दफा २०, २१ र १०२" बमोजिम लालबन्दी नगरपालिकाको नगर सभाले यो ऐन बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७५ सालको ऐन, नं.– २**

# लालबन्दी नगरपालिकाको नगर शिक्षा ऐन, २०७५

प्रस्तावना : राष्ट्रिय विकासका लागि लालबन्दी नगरपालिका अन्तर्गतका विद्यालय उमेरका सबै वालवालिकाका लागि उच्चगुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिकाना स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को वुँदा नं. ८ तथा स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७४ को परिच्छेद –५ दफा २०, २१ र १०२" वमोजिम लालबन्दी नगरपालिकाको नगर सभाले यो ऐन वनाएको छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "नगर शिक्षा ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन लालवन्दी नगरपालिका क्षेत्रभित्र लागूहुनेछ ।
(३) यो ऐन लालवन्दी नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।
२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–
(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक वाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।
(ख) "प्रारम्भिक वालशिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका वालवालिकालाई दिइने एक वर्षको प्रारम्भिक वाल शिक्षा सम्झनुपर्छ ।
(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा वाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।
(घ) "नगरपालिका" भन्नाले लालबन्दी नगरपालिका सम्झनुपर्छ ।
(ङ) "नगर सभा" भन्नाले लालवन्दी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।
(च)"विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, सुस्त मनस्थिति, अटिज्म, वौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।
(छ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :
(१)दृष्टिविहिन, न्यून दृष्टियुक्त, वहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका वालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।
(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।
(झ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।
(ञ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा वाह्र सम्म अध्यापन

गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ट)"सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र लालबन्दी नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ठ)"संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वींकृती प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड)"शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ)"कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकाना तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त)"अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृती प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतीलाई जनाउँछ ।

(थ)"स्वीकृती" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, नगर पालिकाले दिएको स्थायी स्वीकृतीलाई जनाउँछ ।

(द)"आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृती प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ध)"शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(न) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा वसोवास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुन सुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(प)"तालिम केन्द्र" भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(फ)"पुस्तकालय" भन्नाले नगरपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरु संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(ब)"शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकार वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृती प्राप्त संस्थालाई जनाउँछ ।

(भ)"संघिय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संभनु पर्दछ ।

(म)"प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संभनु पर्दछ ।

(य)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कान गर्न

तोकिएको अधिकारी सम्झनु पर्दछ ।

(र)"शिक्षा अधिकृत" भन्नाले नगरको शिक्षा विभाग/महाशाखाको/ शाखा प्रमुख संझनु पर्दछ।

(ल)"समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(व)"शिक्षा शाखा" भन्नाले नगरको शिक्षा विभाग/महाशाखा/शाखा सम्झनु पर्दछ ।

(श)"अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरु मध्येवाट विद्यालयको अभिलेखमा जनाईएको व्यक्तिलाई जनाउँछ ।

(ष) नमुनां विद्यालय भन्नाले संघीय कानून, प्रादेसीक कानून तथा स्थानीय कानून बमोजिम निर्धारित मापदण्ड पुरा गरेको विद्यालय जनाउछ ।

३.विद्यालय खोल्न अनुमति लिनुपर्ने : (१) नगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शिक्षा अधिकृत समक्ष अनुमतिको लागि निवदेन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृती प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवदेन उपर आवश्यक जाँचबझु गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा अनुमति तथा स्वीकृती दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृती दिइने छैन :

(क)सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख)सरकारी वा सावर्जनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग)कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जनुसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हनु पर्ने,

(ग) शैक्षिक गुठीको आय(व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सावर्जनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(८)कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृती लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०)माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृती दिइनेछैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि नगरपालिकाले अनुमतिका लगि मनासिव देखेमा अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ । यस प्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुनेछ ।

(११)प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१२) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

४.परीक्षा सञ्चालन र समन्वयः नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।
परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५.माध्यमिक शिक्षाको प्रकार : माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछनः (क) साधारण माध्यमिक शिक्षा, (ख) संस्कृत माध्यमिक शिक्षा, (ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६.विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था : नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेसी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७.शिक्षाको माध्यम : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अग्रेंजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :

(क)प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख)गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएको अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग)भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ)अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

८.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक : विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सर कारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ ।

९.नगर शिक्षा समिति : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको नगर शिक्षा समिति रहनेछ :

(क)नगरपालिकाको प्रमुख –अध्यक्ष

(ख)प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग)नगर कार्यपालिकाले तोकेको माथिल्लो शैक्षिक योग्यता प्राप्त कार्यपालिकाको सदस्य मध्ये एक (सदस्य

(घ)नगर कार्यपालिकाले तोकेको नगर सभाका सदस्यहरु मध्येबाट माथिल्लो शैक्षिक योग्यता प्राप्त कम्तिमा एकजना महिला ( सदस्य

(ङ)विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना (सदस्य

(च)समाजसेवी वा शिक्षा विदहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरको कम्तीमा एकजना दलित–सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक र संस्थागत विद्यालयका प्रधानअध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी दुई जना (सदस्य

(ज)नगरस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधी (उपलब्ध भएसम्म) (सदस्य

(झ)नगरपालिकाका नगर शिक्षा अधिकृत वा सो जिम्मेवारी वहन गर्ने कर्मचारी ( सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

१०.नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क)आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख)नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृती प्रदान गर्ने, विद्यालय सार्ने, गाभ्ने कार्यका लागि नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग)विद्यालयको लागि आवश्यक साधान श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(घ)आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ङ)विद्यालयहरुमा लेखापरिक्षण गराउन सूचना आव्हान र सो को सूचिकृत गर्ने ।

(च)विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने,

(छ)शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ज)विद्यालयहरुको सामाजिक परीक्षण गर्ने गराउने,

(झ)सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ञ)विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ट)शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ठ)शैक्षिक संस्थासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई आवश्यक प्रोत्साहन, दण्ड, सजाय सम्बन्धी कार्य गर्ने गराउने,

(ड)अस्थायी/करार शिक्षकहरुको छनौटको लागि विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ढ)नगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(ण)नगर क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण, नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरुलाई अनुमति प्रदान गर्ने,

(त) नगर भित्रका विध्यालयहरु एवं शिक्षण संस्थासँग सम्बन्धित सवै संघ सस्थाहरुको आर्थिक विवरण सहितको प्रतिवेदन माँग गर्ने, सो मा छलफल एवं आवश्यक निर्देशन दिने ।

(थ) नगरपालिका भित्रको शिक्षकहरुलाई विद्यार्थिको अनुपातमा शिक्षक व्यवस्थापन गरी सहजरुपले विद्यालय संचालनको व्यवस्था मिलाउन अर्को व्यवस्था नभएसम्म कामकाजमा खटाउने । यसरी स्थानीयस्तरमा शिक्षक व्यवस्थापन गर्दा पनि शिक्षक अपुग भएमा सो को विवरण शिक्षा अधिकृतले तयार गरी कार्यपालिका समक्ष सिफारिस गर्ने । उक्त सिफारिसको आधारमा नगर कार्यपालिकाले तोकिए बमोजिम कार्य विधि पुरा गरी स्वयंम सेवक शिक्षक व्यवस्थापन गर्न सक्नेछ ।

(द)तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

११.नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार : नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२.प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार : प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३.नगर शिक्षा अधिकृतः नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१४. नगर शिक्षा अनुगमन समिति : (१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहायबमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ ।

(क)नगर कार्यपालिकाले तोकेको माथिल्लो शैक्षिक योग्यता प्राप्त कार्यपालिकाको सदस्य (अध्यक्ष

(ख)नगर सभाका सदस्यहरुमध्येबाट नगर कार्यपालिकाले तोकेको माथिल्लो शैक्षिक योग्यता प्राप्त एकजना महिला सहित दुई जना (सदस्य

(ग)नगर शिक्षा समितिले तोकेको निवृत्त प्रधानअध्यापकहरुमध्येबाट एक जना (सदस्य

(घ)संस्थागत विद्यालयका प्रधानअध्यापकहरुमध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको एकजना –सदस्य

(ङ)नगर भित्रका शिक्षक महासंघको प्रमुख वा प्रतिनिधि (उपलब्ध भएसम्म) (सदस्य

(च)प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगर कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखाका प्रमुख वा कर्मचारी एक जना ( सदस्य

(छ)शिक्षा र बालबालिकाको क्षेत्रमा काम गर्ने नगर शिक्षा समितिले मनोनयन गरेको गैरसरकारी संस्थाका प्रतिनिधी एक जना ( सदस्य

(ज)नगरपालिकाको शिक्षा अधिकृत वा जिम्मेवारी वहन गर्ने कर्मचारी (सदस्य सचिव

(२)शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार : शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. सामुदायिक सिकाई केन्द्र : नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१६. अध्यापन अनुमतिपत्र : विद्यालयमा नियुक्त हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

१७. अनुदानको व्यवस्था : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२)नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

१८. छात्रवृत्तिको व्यवस्था : नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१९.प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था : प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान : नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

२१..विद्यालय व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क)विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले आफूहरुमध्येबाट छानेको एक जना

पदाधिकारी (अध्यक्ष

(ख)अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा एक जना दलित पर्ने गरी दुईजना महिला सहित तिन जना –सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना (सदस्य

(घ) सम्बन्धित विद्यालयको अभिभावक संघको अध्यक्ष वा प्रतिनिधी (सदस्य

(ङ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य आर्थिक सहयोग समेत गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना (सदस्य

(च) विद्यालयका शिक्षक/कर्मचारीले आफूहरु मध्येबाट छानी पठाएको एकजना (सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक ( सदस्य सचिव

(२)विद्यालय स्तरीय बालक्लवले मनोनयन गरको एक जना बालक्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।

(३)प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग नगर स्तरमा रहेका उद्योग तथा वाणिज्य संग सम्बन्धित संस्थाको तर्फबाट एक जना प्रतिनिधी सदस्य रहनेछ।

(४)विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावकहरु सदस्य रहनेछन् ।

(५)व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । नगर शिक्षा ऐन वा यस नियमावली लागु हुनु पूर्व व्यवस्थापन समिति गठन भएको भए सो समितिलाई संक्रमणकालिन रुपको अस्थायी समिति मानिनेछ र यस नियम बमोजिम नयाँ समिति गठन गरिनेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा वडा शिक्षा समितिको सिफारिसमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समितिले गर्नेछ ।

(६)व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७)संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतवाट मनोनित भएका एक जना (अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट समितिले मनोनित गरेका एक जना महिला–सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना (सदस्य

(घ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना (सदस्य

(ङ) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरको एकजना (सदस्य

(च) नगर शिक्षा अधिकृत वा विद्यालय निरीक्षकको काम गर्न तोकिएको व्यक्ति (सदस्य

(छ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना (सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक वा विद्यालय प्रवन्ध निर्देशक (सदस्य(सचिव

(८) उपदफा (१), (२), (३) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक काममा लगाउने,

(ज)नगरपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) नगरपालिकाबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ)लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ट)तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ)नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने र प्रतिवेदन पठाउने ।

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने ।

(ढ) विद्यालयले गरको वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने।

(१०)संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ)विद्यालयले नेपाल सरकार, नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम नगरपालिकामा सूचिकृत गरी विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) विद्यालयमा कक्षा अपग्रेडको अनुमति लिन तोकिए बमोजिम धरौटी नगरपालिकामा उपलब्ध गराउने,

(ट) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगर पालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरुको पालना गर्ने,

(ठ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हनेुछ ।

(११)विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने : (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित शिक्षा अनुगमन समिति मार्फत् नगर शिक्षा समितिमा पेश भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगरपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३)यो ऐन तथा ऐन बमोजिम नियमाबली जारी भएपछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुले बढिमा तीन महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकारीले एक महिनासम्मको समयावधी थप गर्न सक्नेछ । यो ऐन लागु हुँदाका बखत प्रचलित नियम अनुसार

गठन भएको समितिले उपदफा (१) को अवस्था बाहेकमा आफ्नो कार्यकाल अवधी रहँदासम्म काम गर्नेछ ।

२३.विद्यालयको विधानः (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेस गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२)अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधान संशोधन गर्न सक्नेछ ।

(३)विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्रवन्धक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४)अध्यावधिक विधानको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५)विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र दस्तावेज हेर्न सबैले पाउनु पर्ने व्यवस्था गर्नु पर्नेछ ।

२४.वडा शिक्षा समिति : (१) वडास्तरमा देहायबमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क)नगरपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष (अध्यक्ष

(ख)वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एक जना महिला (सदस्य

(ग)सामुदायिक विद्यालयको प्रधानअध्यापकहरुमध्ये वडा समितिवाट छनौट भएका एक जना (सदस्य

(घ) संस्थागत विद्यालयवाट प्रतिनिधित्व हुनेगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिको बैठकले तोकेको एक जना (सदस्य

(ङ)वडा सचिव (सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२५. नगरपालिका शिक्षा विकास कोष : (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२)उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ)संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये कार्यपालिकाबाट तोकिए बमोजिमको रकम,

(च) चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

२६. कोष सञ्चालक समिति : (१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. विद्यालय कोष : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ जसमा देहायबमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८.नगरपालिकाले निर्देशन दिन सक्ने : (१) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२९. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने : नगरपालिकाले हाल सञ्चालन भइरहको ३० मिनेटको हिडाईको दुरी नजिकमा रहेको कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्याको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृती प्रदान गर्न सक्नेछ ।

३०. विद्यालयको सम्पत्ति : (१) सामुदायिक विद्यालयको हकभोग वा स्वामित्वमा रहेको सम्पत्ति सावर्जनिक सम्पत्ति मानिनेछ । उक्त विध्यालयको हकभोग वा स्वमित्वमा रहेको जग्गा, भवन वा आम्दानी वा त्यस्तो सम्पति सम्वन्धित विध्यालयको हकहितका साथै अन्य विध्यालय संचालनमा टेवा पुर्‍याउन नगरपालिकाले आवश्यकता अनुसार उपयोग गर्न गराउन सक्नेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिएको विद्यालयको सम्पत्तीको रुपमा समावेश गर्न सकिनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा र हने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३)कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा र हनेछ ।

(४)संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको

चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(५)नेपाल सरकार वा नगरपालिकाको स्वीकृतीमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकार वा नगर पालिकाको स्वीकृती बेगर बेचबिखन गर्न पाइने छैन ।

३१. विद्यालयलाई छुट र सुविधा : (१) प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा नगर पालिकाबाट शिफारिस गर्दा कुनै दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकार/नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३)सामुदायिक विध्यालयको जग्गा वा सम्पतिमा न.पा. को मालपोत (तिरो) दस्तुर वा सम्पति कर छुट हुनेछ ।

(४) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

३२.अनुमति वा स्वीकृती रद्द गर्ने : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृती रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३३.विद्यालयको वर्गीकरण : विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

३४.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने : (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३५.शुल्कसम्बन्धी व्यवस्था : (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२)उपदफा (१) मा जनु सुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

(३)सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४)उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

**(५)विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।**

(६)विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७)संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण बिधि तोकिए बमोजिम हुनेछ ।

(८)यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई तोकिएको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३६. शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्था: सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहन सक्नेछ ।

३७.शिक्षक तथा कर्मचारीको पदीय आचारणसम्बन्धी व्यवस्था: (१) शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले देहायका अवस्थामा पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्न सक्नेछ :

(क)तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग)विद्यालयमा मादक/मदिराजन्य पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवनं गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ)सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा

(च)शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारी सदस्य रहेको पाइएमा,

(छ) नगरपालिकाको अनुमति विना व्यापार व्यवसाय वा आय आर्जनको कृयाकलापमा सहभागी भएमा,

(ज)शिक्षक वा कर्मचारीहरुले व्यवसायिक हक हितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(२)उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत् पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

३८. स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीयं अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

३९. शैक्षिक योग्यता : विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ ।

४०. शिक्षक विद्यार्थीको अनुपात : नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम हुनेछ ।

४१. शिक्षकलाई अन्य काममा लगाउन नहुने : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल/प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४२. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने : (१) दफा ३६ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतकोआदेश वा फैसला बमोजिम मात्र नोकरीमा नब्बे दिन भित्र पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

४३. शिक्षकको नियुक्ति र सरुवा : (१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई नगरपालिकाभित्रका कार्यरत् विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाई रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

(ग) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई नगरपालिकाभित्रका कार्यरत् विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगरपालिकाले अर्को स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

४४.दरवन्दी मिलान : तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन् ।

४५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित, जनजाति, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा सम्वन्धित वडाध्यक्ष, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४६.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने : दफा ४१ मा उल्लेखित अवस्थामा वा

नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन ।

४७.प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२)उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने : (१) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत् बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

४९.शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन : (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, बिज्र कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२)उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०.प्रगति विवरण बुझाउनु पर्ने : विद्यालयले चौमासिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

५१. पुरस्कार तथा दण्ड सजाय : (१) पुरस्कारः

(क) नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

(ख)नगरपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्नेछ ।

(२) दण्ड सजायः

(क) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरमो त्यस्तोव्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(ख) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रु. एकलाख रुपैयाँ जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुन सक्नेछ ।

(१) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(२) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(३) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृती बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(४) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(५) अरुको तर्फबाट परीक्षा दिएमा,

(६) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(७) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(८)अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(९) कानुन विपरीतको अन्य कार्य गरेमा,

(३)कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

५२. मुद्धा हेर्ने अधिकारी : यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम सजायँ गर्ने अधिकार नगर प्रमुखलाई हुनेछ ।

५३.पुनरावेदन : नगर प्रमुखले गरेको सजायको आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

५४.नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२)यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देसिका बनाई लागू गर्न सक्नेछ ।

५५. संक्रमणकालीन व्यवस्था : (१) यस ऐनद्वारा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२)यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति नगर शिक्षा समितिले दिन सक्नेछ ।

५६.बाधा अडकाउ फुकाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा(अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

५७. बचाऊ र लागू नहुने :

(१)यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ । यस ऐनसँग सम्वन्धित विषयमा भएका कार्यलाई यसै बमोजिम मानि यो ऐन लागु भए पश्चात यसै ऐन बमोजिम कार्यान्वयनमा ल्याइने छ ।

(२)यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना(मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३)संविधान एवं अन्य कानून सँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म प्रमाणित आधारमा स्वतः निस्कृय हुनेछन् ।

(४)साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(५)यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

प्रमाणिकरण मिति :– २०७५/०३/३०

आज्ञाले,
पशुपति महत
लालबन्दी नगरकार्यपालिकाको कार्यालयको
प्रमुख प्रशासकीय अधिकृत